## बकैया गाउँकार्यपालिकाको मिति २०७६।०६।१२ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. बालबालिकाका लागि आवधिक लगानी योजना स्वीकृत तथा कार्यान्वयन सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा मिति २०७६ भाद्र २७ देखि असोज १० सम्म यस बकैया गाउँपालिका अन्तर्गत वडा नं. ३, ४, ५, ७ र ९ गरि जम्मा ५ वडाहरुमा सञ्चालित CFLG का सूचकको अवस्था मापन तथा बालबालिकाहरुका लागि आवधिक लगानी योजना निर्माण कार्यशाला मार्फत निर्मित आवधिक् लगानी योजना स्वीकृत गर्ने साथै बाँकी रहेका ७ वडाहरुमा समेत CFLG का सूचकको अवस्था मापन तथा बालबालिकाहरुका लागि आवधिक लगानी योजना निर्माण गर्ने गरियो ।

**२. सूचक कार्यान्वयनका लागि प्रकृयागत कार्ययोजना स्वीकृत सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा CFLG का आवधिक लगानी योजना हस्तान्तरण, कार्य सम्पादन समीक्षा तथा कागजात व्यवस्थापन प्रमाणीकरण कार्यशालामा प्रस्तुत बालमैत्री स्थानीय शासन घोषणा प्रकृयाका लागि आवधिक लगानी योजना मध्ये गाउँपालिकाले गर्नुपर्ने नतिजामुखी कार्ययोजनालाई सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो ।

**३. बालबालिकाको वस्तुगत विवरण तयारी सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बालमैत्री गाउँपालिका अभियान को सफलताका लागि बालबालिकाको वस्तुगत विवरण तयारीका लागि घरधुरी सर्वेक्षण फारम छपाई गरी घरधुरी सर्वेक्षण गर्ने तथा सो को प्रतिवेदन पुस्तिका तयारी गर्ने निर्णय गरियो ।

**४. CFLG शाखाको व्यवस्था सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बालमैत्री गाउँपालिका निर्माणका लागि बालमैत्री स्थानीय शासन (Child Friendly Local Governance) कार्यक्रमका लागि सामाजिक विकास शाखा अन्तर्गत व्यवस्था गर्ने तथा CFLG फोकल पर्सन को रुपमा सामाजिक विकास शाखा प्रमुख रहने साथै बाल मैत्री फोकल पर्सनको रुपमा करार नियुक्त भएका श्री जयन्ती दाहललाई खाईपाई आएको सेवा सुविधामा कटौती नहुने गरि गाँउपालिका स्तरीय बालमैत्री सहजकर्ताको रुपमा नियुक्ती गर्ने निर्णय गरियो ।

**५. CFLG सम्बन्धि नीतिगत प्रस्ताव सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकालाई मिति २०७७ पौष मसान्त भित्र बालमैत्री स्थानीय शासन व्यवस्था भएको गाउँपालिकाको रुपमा घोषणा गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner